# प्रदेश राजपत्र

प्रदेश नं. ३ प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) हेटौंडा, मकवानपुर, मंसिर ०५ गते, २०७६ साल (अतिरिक्ताङ्क २७(ग)

## भाग ३

## प्रदेश दुग्ध विकास बोर्ड

प्रदेश नं. ३, हेटौंडाको

## सूचना

**प्रदेश दुग्ध विकास बोर्ड विनियमावली, २०७६**

प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश दुग्ध विकास बोर्डले प्रदेश सरकारको स्वीकृति लिई यो विनियमावली बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस विनियमावलीको नाम "प्रदेश दुग्ध विकास बोर्ड विनियमावली, २०७६" रहेको छ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,-

(क) "अध्यक्ष" भन्नाले ऐनको दफा ५ को उपदफा (१) को खण्ड (क) बमोजिमको पदाधिकारी सम्झनु पर्छ।

(ख) "उपाध्यक्ष" भन्नाले ऐनको दफा ५ को उपदफा (१) को खण्ड (ख) र दफा १० को उपदफा (१) वमोजिम नियुक्ति भएको उपाध्यक्ष सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५ सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको कार्यालय सम्झनु पर्छ।

(ङ) "निर्देशक" भन्नाले ऐनको दफा १२ को उपदफा (१) बमोजिम तोकिएको निर्देशक सम्झनु पर्छ।

(च) "बोर्ड" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको र दफा ५ बमोजिम गठित प्रदेश दुग्ध विकास बोर्ड सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(ज) "सदस्य" भन्नाले ऐनको दफा ५ बमोजिम गठित बोर्डको सदस्य सम्झनु पर्छ।

३. **<u>बोर्डको कार्यालयः</u>** बोर्डको कार्यालय प्रदेश राजधानीमा रहनेछ।

४. **<u>बोर्डको कोषः</u>** ऐनको दफा ९ को उपदफा (४) बमोजिम बोर्डको कोषबाट खर्च गर्दा बोर्डले आर्थिक कार्यविधि बनाई विभागीय मन्त्रीस्तरबाट स्वीकृत गराई खर्च गर्न सक्नेछ।

५. **<u>सिफारिस समिति सम्बन्धी व्यवस्थाः</u>** (१) प्रदेश सरकारले ऐनको दफा १० को उपदफा (२) वमोजिम उपाध्यक्ष नियुक्ति गर्दा देहाय बमोजिमको छनौट समितिको सिफारिसमा गर्नुपर्नेछः-

(क) सचिव, मन्त्रालय -संयोजक

(ख) सचिव, मुख्य मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय -सदस्य

(ग) मन्त्रालयले मनोनयन गरेको दुग्ध विकास सम्बन्धी विज्ञ एक जना -सदस्य

(घ) प्रमुख, प्रशासन तथा सहकारी विकास महाशाखा, मन्त्रालय -सदस्य-सचिव

(२) उपविनियम (१) बमोजिमको समितिले देहायको प्रक्रिया पुरा गरी उम्मेदवारको छनौट गर्नु पर्नेछः-

(क) सूचना प्रकाशन गरी दरखास्त आव्हान गर्ने,

(ख) कार्ययोजना सहितको विस्तृत कार्यपत्र पेश गर्न लगाउने,

(ग) कार्यपत्र प्रस्तुतीकरण गर्न लगाउने,

(घ) प्रस्तुत भएको कार्यपत्रको मूल्याङ्कन गर्ने।

(३) उपविनियम (२) को खण्ड (क) बमोजिमको सूचना प्रकाशन गर्दा ऐनको दफा १० को उपदफा (४) मा उल्लेख

भएका योग्यता, सम्बन्धित क्षेत्रमा काम गरिरहेको अनुभवको प्रमाण समेत सूचनामा खुलाई आवेदन माग गर्नु पर्नेछ।

(४) दुग्ध वा दुग्ध व्यवसायसँग सम्वन्धित सरकारी, सहकारी संघ सस्था, अर्ध सरकारी, गैर सरकारी र निजी क्षेत्रमा काम गरिरहेका व्यक्ति उपविनियम (३) वमोजिमको आवेदन दिन योग्य मानिनेछ।

(५) उपविनियम (१) बमोजिम गठित छनौट समितिले मूल्याङ्कन गरि सबैभन्दा योग्य देखिएका तीन जनाको नाम वर्णानुक्रम अनुसार विभागीय मन्त्री समक्ष सिफारिस गर्नुपर्नेछ।

(६) उपविनियम (५) बमोजिम सिफारिस भएका उम्मेदवारहरुको नाम सहितको प्रस्ताव विभागीय मन्त्रीले प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

(७) उपविनियम (६) बमोजिम पेश भएका उम्मेदवारहरु मध्ये एक जनालाई प्रदेश सरकारले उपाध्यक्ष पदमा नियुक्त गर्नेछ।

६. **उपाध्यक्षको काम, कर्तव्य र अधिकारः** ऐनको दफा ११ को उपदफा (१) मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यकारी प्रमुखको हैसियतले बोर्डको नीति, रणनीति तयार गरी भावी मार्गदर्शन एवं कार्ययोजना स्वीकृतिका लागि बोर्डमा पेश गर्ने,

(ख) दुग्ध विकास बोर्डसँग सम्बन्धित अन्य कार्य गर्नु परेमा बोर्डको सिफारिसमा विभागीय मन्त्रीको स्वीकृति लिई सम्पादन गर्ने।

७. **<u>निर्देशकको सुविधाः</u>** निर्देशकलाई आवश्यक पर्ने सवारी साधन, इन्धन, सञ्चार महशुल एवम् आवास सुविधा बोर्डले निर्णय गरे बमोजिम हुनेछ।

८. **<u>निर्देशकको काम, कर्तव्य र अधिकारः</u>** ऐनको दफा १३ को उपदफा (१) मा उल्लिखित काम कर्तव्य र अधिकारको अतिरिक्त निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अध्यक्षको आदेशानुसार बोर्ड बैठक बोलाउने,

(ख) बैठकबाट पारित निर्णयहरु सम्बन्धित सबैलाई जानकारी गराई कार्यान्वयन गर्ने,

(ग) बोर्ड कार्यालयबाट सम्पादित कार्यहरुको अनुगमन निरीक्षण गर्ने,

(घ) बोर्डको सम्पत्तिको जिम्मा, त्यसको लगत संरक्षण, बरबुझारथ एवम् अभिलेख व्यवस्थापन गर्ने,

(ङ) बोर्डका कर्मचारीहरुको जिम्मेवारी तोकी कामको सुपरीवेक्षण एवं मूल्याङ्कन गर्ने,

(च) बोर्डले तोकिदिएका अन्य कार्यहरु गर्ने।

९. **<u>बोर्डको कर्मचारीः</u>** (१) बोर्डको कर्मचारी संगठन संरचना अनुसूची-१ बमोजिम हुनेछ।

(२) बोर्डको कार्य सञ्चालनको लागि अनुसूची-२ बमोजिमका आवश्यक कर्मचारी मन्त्रालयले व्यवस्था गर्नेछ।

(३) प्रदेश दुग्ध विकास बोर्डको स्वीकृत दरबन्दी अनुसारका कम्प्युटर अपरेटर, हलुका सवारी चालक र कार्यालय सहयोगी पदहरुमा मन्त्रालयले स्थायी कर्मचारीबाट खटाउन नसक्ने भएमा बोर्डले करारमा नियुक्ति गर्न सक्नेछ।

१०. **<u>बोर्डको खाता सञ्चालन तथा लेखाः</u>** (१) बोर्डको खाता सञ्चालन निर्देशक र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(२) बोर्डको लेखा प्रचलित कानुन बमोजिम राख्नु पर्नेछ।

**११.** **सुविधा उपलब्ध गराउने**: बोर्ड बैठक, समिति बैठक लगायत कार्यालय सञ्चालनका लागि आवश्यक बैठक भत्ता, मसलन्द लगायतका प्रशासनिक खर्चहरु बोर्डको कार्यालयबाट उपलब्ध गराइनेछ।


**१२.** **संशोधन तथा परिमार्जन**: बोर्डले प्रदेश सरकारको स्वीकृतिमा आवश्यकता अनुसार यस विनियमावलीमा संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

**१३.** **कार्यविधि, निर्देशिका र मापदण्ड बनाउने अधिकार**: यस विनियमावलीको उद्देश्य कार्यान्वयन गर्न मन्त्रालयले आवश्यकता अनुसार कार्यविधि, निर्देशिका, मापदण्ड बनाइ लागू गर्न सक्नेछ।

अनुसूची-१

(विनियम ९ को उपविनियम (१) सँग सम्बन्धित)

**प्रदेश दुग्ध विकास बोर्डको संगठनात्मक संरचना**



अनुसूची-२

(विनियम ९ को उपविनियम (२) सँग सम्बन्धित)

**प्रदेश दुग्ध विकास बोर्डको दरबन्दी तेरिज**

| सि.नं. | पदको नाम | श्रेणी/तह | सेवा | समुह/ उपसमुह | दरबन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | निर्देशक | अधिकृतस्तर नवौं/दशौं | कृषि | ला.पो.डे.डे./ भेटेरिनरी | १ | |
| २ | पशु विकास अधिकृत | अधिकृतस्तर सातौं/आठौं | कृषि | ला.पो.डे.डे. | १ | |
| ३ | दुग्ध प्रविधि अधिकृत | अधिकृतस्तर सातौं/आठौं | कृषि | ला.पो.डे.डे. | १ | |
| ४ | अधिकृत | अधिकृतस्तर सातौं/आठौं | प्रशासन | सामान्य प्रशासन | १ | |
| ५ | अधिकृत | अधिकृतस्तर छैठौं | प्रशासन | लेखा | १ | |
| ६ | पशु सेवा प्राविधिक | सहायक स्तर पाँचौ | कृषि | ला.पो.डे.डे. | २ | |
| ७ | कम्प्युटर अपरेटर | सहायक स्तर पाँचौं | विविध | विविध | १ | करार |
| ८ | हलुका सवारी चालक | श्रेणीविहिन | इन्जिनियरिङ्ग | मेकानिकल | २ | करार |
| ९ | कार्यालय सहयोगी | श्रेणीविहिन | प्रशासन | सामान्य प्रशासन | ३ | करार |
| | | | | जम्मा | १३ | |

**आज्ञाले,**

**डा.नारायण बहादुर श्रेष्ठ**

**निर्देशक, प्रदेश दुग्ध विकास बोर्ड**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ३, हेटौंडामा मुद्रित।

मूल्य रु.५।-